नेपाल सरकार

कृषि, वन तथा वातावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम व्यवस्थापन एकाइ, खुमलटार, ललितपुर

## कृषि स्नातक (इन्टर्न) खटाउने कार्यक्रमका लागि आशयपत्र पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३।०४।१४**

आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषि इन्टर्न खटाउने प्रयोजनार्थ अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले कृषि स्नातकको Course Curriculum मा इन्टर्नको व्यवस्था भएका नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरूबाट कृषि इन्टर्न परिचालन कार्यविधि, २०७४ बमोजिम निम्नानुसारका कागजातहरू सहित यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र र उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय समयभित्र यस कार्यक्रममा खामबन्दी आशयपत्र पेश गर्नुहुन सम्बन्धित सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

- आशयपत्र सम्बन्धी निवेदन।
- संस्थाको विस्तृत विवरण।
- कृषि स्नातक पाठ्यक्रम (Course Curriculum)।
- यस आ.व. मा उपलब्ध हुने कृषि इन्टर्न सङ्ख्या, सल्लाहकार समिति, अभिमुखीकरण गोष्ठी, सेमिनार, कार्यमूलक अनुसन्धान (Action Research) र कृषकमैत्री प्रविधिको सङ्गालो (Package of Practice) को सन्दर्भमा विस्तृत लागत अनुमान खुल्ने गरी कार्य ढाँचा पेश भएको हुनुपर्ने।
- विगत वर्षहरूमा कृषि इन्टर्न परिचालन कार्यक्रममा सहभागी भएको भए प्राप्त अनुदान रकमको लेखापरीक्षण प्रतिवेदन।
- बेरुजु फर्स्यौट विवरण।
- गत आ.व. मा अनुदान रकम खर्च नभई बचत भएकोमा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम व्यवस्थापन एकाइलाई फिर्ता गरेको रकमको सक्कल भौचर।
- अन्य सान्दर्भिक कागजातहरू।

**थप जानकारीका लागि :**

१. कृषि इन्टर्नको विस्तृत कार्य विवरण (ToR) एवं अन्य जानकारी कार्यक्रम व्यवस्थापन एकाइ, खुमलटार, ललितपुरको वेबसाइटमा रहेको कृषि इन्टर्न परिचालन कार्यविधि, २०७४ बाट प्राप्त गर्न सकिनेछ। कृषि इन्टर्न परिचालन सम्बन्धमा यस कार्यक्रमको दस्तावेज, कृषि इन्टर्न परिचालन कार्यविधि, २०७४ एवं प्रचलित कानून बमोजिम हुनेछ।

**थप जानकारीका लागि सम्पर्क :**

**रबिन धिताल, वरिष्ठ कृषि अधिकृत**

**कार्यक्रम व्यवस्थापन एकाइ, खुमलटार, ललितपुर**

**फोन नं. ०१-५४४६९०६, मोबाइल : ९८५७८२४७७४**

**इमेल: pmamp.pmu@gmail.com, वेबसाइट: www.pmamp.gov.np**